# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान संयुक्त राज्य अमेरिकाका लागि शाही नेपाली राजदूत पदमा नियुक्ति भई रिक्त हुनआएको सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अर्को व्यवस्था नभएसम्मका लागि सोही मन्त्रालयमा कार्यरत सह-सचिव श्री नरेन्द्रविक्रम शाहलाई मिति २०४२।६।२ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारको मध्यमाञ्चल क्षेत्रको सवारी भ्रमणको सिलसिलामा गृह सचिव श्री वीरबहादुर शाही सवारी मन्त्रालयमा काजमा रहनुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री टेकबहादुर थापालाई मिति २०४२।६।७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,

राधारमण उपाध्याय

श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।७।१ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) का श्री रामानन्द बैद्यलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहबाट गृह मन्त्रालयको सह-सचिव पदमा सरुव गरेको छ।

आज्ञाले,

श्यामकुमार प्रधान

श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
356